सधै र सबैको लागि खबर खोज्ने अभियान

# खबर दर्पण

Khabar Darpan National Daily

राष्ट्रिय दैनिक

♦ वर्ष ७ ♦ अंक १०५ ♦ २०८० साल पुस २० गते शुक्रवार ♦ 5 Jan 2024 ♦ पृष्ठ ४ ♦ मुल्य रु. ५ www.shirishnews.com




'भिजिट जनकपुरधाम २०२४' सुरु ।पेज २ मा

## राम मन्दिरको प्राण प्रतिष्ठाका लागि जानकी मन्दिरबाट पठाइयो भार



**खबर दर्पण समाचारदाता**
**पुस १९ गते, महेन्द्रनगर**

जनकपुरधामबाट भारतको अयोध्याका लागि भार (उपहार) पठाइएको छ । आगामी माग ८ गते भगवान रामको जन्मभूमि अयोध्यामा हुन लागेको 'श्रीराम मन्दिर प्राण प्रतिष्ठा'का लागि जनकपुरधाम-अयोध्याधाम यात्रासहित आज बिहान यहाँबाट भार पठाइएको हो ।

जानकी मन्दिर प्राङ्गणमा आज आयोजित विशेष समारोहमा मधेस प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादव, प्रतिनिधिसभा सांसद एवं नेपाली कांग्रेसका नेता विमलेन्द्र निधि, जानकी मन्दिरका महन्थ रामतपेश्वर दासलगायतले भार लिएर अयोध्या जाने टोलीलाई बिदाइ गर्नुभयो । जानकी मन्दिरको अगुवाइमा विशेष यात्रासहित भार लिएर यहाँबाट यात्रा प्रारम्भ भएको जानकी मन्दिरका सहमहन्थ रामरोशन दास वैष्णवले जानकारी दिनुभयो ।

मैथिल परम्पराअनुसार छोरीको घरमा हुने शुभकार्यमा माइती पक्षबाट विशेषरूपमा कोसेली पठाउने गरिन्छ । सोही परम्पराअनुसार राममन्दिर उद्घाटनका अवसरमा माता सीताको माइतीपक्ष जनकपुर धामबाट एक हजार एक सय भार त्यसतर्फ पठाइएको हो । भारमा विभिन्न प्रकारका आभूषण, भाँडा, कपडाका साथै मिठाइलगायतका भार बाँसबाट बनाइएका विशेष चङ्गेरमा सजाइएका छन् ।

राममन्दिरको प्राण प्रतिष्ठा (उद्घाटन) लाई नयाँ गृह प्रवेशका रूपमा लिई 'घरबासक भार' लिएर जनकपुरधामबाट करिब तीन सय जनाको टोली त्यहाँ प्रस्थान गरेको सहमहन्थ दासको भनाइ छ ।

जनकपुरधामबाट जलेश्वरनाथ, मलङ्गवा, सिम्रौनगढ, गढीमाई, वीरगञ्ज हुँदै भारतको बेतिया, कुशीनगर, सिद्धार्थनगर गोरखपुर सम्म विभिन्न धार्मिक स्थलको दर्शन गर्दै अयोध्या पुग्ने र पुस २१ गते अयोध्यामा श्रीराम जन्मभूमि राममन्दिर ट्रष्टलाई भार हस्तान्तरण गरिनेछ ।

यस कार्यले नेपाल-भारतबीच त्रेतायुगदेखि चलिआएको वैवाहिक सांस्कृतिक सम्बन्धको महत्व दर्शाउनुका साथै त्यसलाई थप बलियो बनाउन भूमिका खेल्ने विश्वास गरिएको जनकपुरधाम उपमहानगर पालिका प्रमुख एवं भारयात्रा मूल समारोह समितिका संरक्षक मनोजकुमार साहले बताउनुभयो।

सहमहन्त दासले पनि यस कार्यले नेपाल भारतबीच सदियौँदेखि कायम सम्बन्धलाई थप प्रगाढ बनाउनुका साथै नेपालमा पर्यटन प्रवर्द्धनका लागि विश्वभर सन्देश प्रवाह हुनेमा विश्वास व्यक्त गर्नुभयो ।

यसअघि निर्माणाधीन राममन्दिर को प्राणप्रतिष्ठा हुने दिन अभिषेक गर्न नेपालबाट जल पठाइएको थियो । विश्व हिन्दू परिषद् नेपालको नेतृत्वमा नेपालका विभिन्न नदीबाट सङ्कलन गरिएको जल अयोध्या पठाइएको थियो ।

अयोध्यामा मन्दिर निर्माण सुरू भएपछि गतवर्ष नेपालको कालीगण्डकी नदी किनारबाट दुईवटा शिलासमेत अयोध्या पठाइएको थियो । रासस

## बर्दिवासमा रातु नदी उत्खननमा विमति



**खबर दर्पण समाचारदाता**
**पुस १९ गते, बर्दिवास**

रातु नदी ठेक्काको विषयलाई लिएर विरोध, बहस र विवाद चलिरहेको बेला बर्दीबास नगर पालिकाले उत्खनन क्षेत्रको अनुगमन गरेको छ। नगर प्रमुख प्रह्लाद क्षेत्री, उपप्रमुख तारादेवी महतो, वडाध्यक्षहरू, प्रमुख प्रशासकीय अधिकृत किरणनिधि तिवारी, नगरपालिकाका प्राविधिक, सञ्चारकर्मी एवं सर्वसाधारण सम्मिलित टोलीले उत्खनन क्षेत्रको बुधबार संयुक्त अनुगमन गरेको हो ।

नगरपालिकाले चालु आर्थिक वर्ष २०८०/८१ का लागि रातु नदीको चार वटा प्याकेज करिब छ करोड ४३ लाख रुपियाँमा रातु ठेक्का बन्दोबस्ती गरेदेखि विरोध भएको छ । प्रमुख कार्यकारी अधिकृत तिवारीका अनुसार ब्रिक कन्सलटेन्ट कुपनडोलको आइइई प्रतिवेदन अनुसार नदीको दुवै किनाराबाट ५०-५० मिटर छाडी त्यसबिच तीन फिट गहिराइमा करिब दुई लाख ९४ हजार घनमिटर उत्खननको ठेक्का लागाइएको हो । रातु नदी उत्खनन सम्बन्धमा राजनीतिक दल, तटवर्ती गाउँका जनता तथा जिल्ला अनुगमन समितिसमेत गरी तीनथरीका विमति देखा परेका छन् । नगर क्षेत्रका आठ राजनीतिक दलले नदी उत्खननले वातावरणीय समस्या विकराल बन्दै गएको जनाउँदै उत्खनन र अनियन्त्रित क्रसर लाई तत्काल रोक्न नगर पालिकासँग माग गर्दै आएका छन् ।

अर्कोतर्फ खोलाको उच्च जोखिममा रहेको बर्दीबासको दक्षिणवर्ती वडा नं-९, पशुपतिनगरका स्थानीयले भने रातु नदी प्रणालीका दुखान्त कथा व्यथा सुनाउँदै खोला तीन फिटभन्दा बढी गहिराइमा खन्नुपर्ने आवश्यता औंल्याउँदै आएका छन् । उनीहरूका अनुसार रातुको सतह बढ्दै

बाँकी पृष्ठ २ मा


# जानकी एकेडेमीक हस्पिटल प्रा.लि.

**Hot line number**
9748457490 / 9748457491

**रामगोपालपुर-९ पर्सा देवाड (महोत्तरी)**

**सम्पर्क नं.** 9854028392 / 9854021392 / 9801528392

**प्रदेश नं. २ मै पहिलो पटक विभागिय विशेषज्ञ डाक्टरहरुद्धारा विरामीहरुको उपचार २४ सै धण्टा सेवा उपलब्ध गराउने पहिलो संस्था जानकी एकेडेमिक हस्पिटल प्रा.लि आफनो सम्पूर्ण सेवाहरु सुरु गरिसकेको सहर्ष जानकारी गराउदछौ ।**

**२४ औं घण्टा उपलब्ध सेवा**

- सम्पूर्ण इमरजेन्सी अप्रेशनहरु २४ औ घण्टा
- दैनिक OPD सेवा ९ देखि ४ बजे सम्म
- चोटपटक तथा दर्घटनामा परी हाडहरु भाचिएकाहरुलाई C-Arm मेशिनद्धारा
- अत्याधुनिक तरिकाले प्लाष्टर गर्नुको साथै विना ठूलो चिरफार गरी अप्रेशन
- अति शिकिस्त नवजात शिशुहरुको लागि NICU व्यवस्था

स्नायु तथा मानसिक रोग र नाक, कान तथा घाँटीको रोग प्रत्येक महिनाको पहिलो हप्ता सेवा दिइन्छ।

- २४ सै घण्टा नर्मल डेलिभरी , आवश्यक अनुसार LSCS अप्रेशन को सुबिधा ।
- पाठेघर सम्बन्धी हरेक समस्याको उपचार गर्नुको साथै अत्याधुनिक मेशिनद्धारा अप्रेशन सुबिधा ।
- पेट भित्र बच्चाको अवस्था जाँच्न CTG को व्यवस्था ।
- विरामी भर्नाको लागि क्षलमययच को व्यवस्था ।

# बर्दिवासमा रातु नदी उत्खननमा ....

गएकाले खोला पाँच/छ फिट गहिरो नपारे तत्कालीन पशुपतिनगर गाविसका ७, ८ र ९ नं. वडाका ८०० घरधुरी र सयौँ बिघा जग्गा कटान र डुबानको जोखिममा छन् ।

स्थानीय विजय सिंहका अनुसार यसअघि रातु खोला तीन वटा भँगालो भएर बग्दासम्म खोलाबाट कुनै समस्या थिएन तर खोलाको प्राकृतिक बहावलाई फर्काएर एउटै भँगालो बनाएपछि रातु खोला पशुपतिनगरका लागि शोक बनेको बताउनुभयो । बहाव फर्काएदेखि गाउँका ५० बिघा जति खेत कटान गर्नुका साथै दर्जनबढी परिवार विस्थापित भएको उहाँले पीडा सुनाउनुभयो। पशुपतिनगर एरियामा रातुको दुवैतिर तटबन्ध नहुँदा गाउँ विस्थापित हुने अवस्थामा पुगेको गाउँका अर्का युवा सन्तोषकुमार महतोले बताउनुभयो। 'नेताहरूले खोला फर्काए तर पशुपतिनगर एरियामा तटबन्ध लगाउनेतर्फ ध्यान नदिँदा रातुले आफ्नो डेढ बिघा जग्गा कटान गरेको दुखेसो पोख्नुभयो ।

स्थानीय सञ्चारकर्मी एवं नेपाल पत्रकार महासङ्घ महोत्तरी शाखाका कार्यसमिति सदस्य अमृत महतोका अनुसार सात राजनीतिक दलको प्रभावमा रहेको बेला तत्कालीन जिल्ला विकास समितिको निर्णयले रातुको तीन शाखालाई एउटै भँगालोमा फर्काएदेखि बर्सेनि खोलाको सतह बढ्दै गएपछि गाउँलेमा चिन्ता थपिएको हो । स्थानीय बच्चु सिंहका अनुसार भँगालो मिसाउनुअघिसम्म पशुपतिनगर क्षेत्रमा रातु खोलाको चौडाइ १७ मिटर जति मात्र थियो । अहिले बढेर तीन सय मिटरभन्दा बढी पुगेको छ ।

गाउँलेहरू पशुपतिनगर गाउँ बचाउन या त तटबन्ध या नदीको सतहलाई पाँचभन्दा बढी फिट गहिरो बनाउनुपर्ने आवश्यकता औँल्याउँदै आएका छन्। जिल्ला समन्वय समितिका महोत्तरीका प्रमुख सुमनलाल कर्णले मानवीय क्षति अपूरणीय भएकाले यसप्रति सबैले संवेदनशील हुनुपर्ने आवश्यकता औँल्याउनुभयो। यसैबिच जिल्ला अनुगमन समितिको टोलीले भने मापदण्डको परिधिमा रहेर उत्खनन गर्न सुझाएको छ । कतिपय ठाउँमा उत्खनन नियन्त्रित र मापदण्ड अनुसार नपाइएको अनुगमन समितिको ठहर छ ।

नगरपालिकाले गरेको अनुगमनका क्रममा भने उत्खनन क्षेत्रको नापजाँच गर्दा १ नं. प्याकेज किसाननगरमा मापदण्ड अनुसार उत्खनन भएको, २ नं. प्याकेज जुरे टोलमा मापदण्डभन्दा दुई इन्च बढी खनिएको, ३ नं. प्याकेज फूलबारीखण्डमा सबैभन्दा धेरै दुई फिट बढी गहिराइमा खनिएको र ४ नं. प्याकेजमा मापदण्डभन्दा आधा फिट बढी उत्खनन गरिएको पाइएको थियो ।

बर्दीबास नगर प्रमुख प्रह्लाद क्षेत्रीले त्यस्ता ठेकेदारलाई मापदण्डको परिधिमा रहेर उत्खनन गर्न सचेत तुल्याउनुका साथै अटेर गर्नेविरुद्ध कारबाहीका प्रक्रिया अगाडि बढाउने जनाउनुभयो । -गोरखापत्र


## सुशासन किन ?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।

**भंगहा नगरपालिका**
**महोत्तरी**


# 'भिजिट जनकपुरधाम २०२४' सुरु




**खबर दर्पण समाचारदाता**
**पुस १९ गते, महेन्द्रनगर**

सन् २०२४ लाई जनकपुरधाम भ्रमण वर्षका रुपमा मनाउन जानकी मन्दिर प्राङ्गणबाट 'भिजिट जनकपुरधाम २०२४' को सुरु गरिएको छ । महागङ्गा आरती गङ्गासागरका संस्थापक संस्कृति संरक्षण अभियन्ता प्रदेश सांसद रामअशिष यादवले बुधबार जनकपुरधामस्थित जानकी मन्दिर प्राङ्गणबाट 'सियाको दर्शन बिना रामको दर्शन अधुरो' भन्ने मूल नाराका साथ भिजिट जनकपुरधाम २०२४ लाई भ्रमण वर्षका रुपमा सफल बनाउन उक्त कार्यक्रमको शुभारम्भ गर्नुभएको हो ।

प्रदेश सांसद यादवले भारतको श्रीराम जन्मभूमि अयोध्यामा २२ जनवरीको दिन हुने श्री राम मन्दिरको प्राणप्रतिष्ठापछि जनपुर धाममा भारतीय धार्मिक पर्यटकहरुको सङ्ख्यामा वृद्धि हुने विश्वास लिएको बताउनुभयो । यस्तै, सोसाइटी ट्राभल्स एण्ड टुर अपरेटर (सोटो) नेपाल मधेश प्रदेशका अध्यक्ष पर्यटन व्यवसायी वीरेन्द्र साहको अध्यक्षतामा सञ्चालित जनकपुर धाम भिजिट वर्ष २०२४ लाई सरोकारवाला निकाय सबै मिलेर सफल बनाउन आग्रह गर्नुभयो । उहाँले निजी पर्यटन व्यवसायीहरु मिलेर यो वर्षलाई जनकपुरधाम भ्रमण वर्ष बनाए पनि यसमा सम्पूर्ण नगरवासी तथा सरोकारवाला निकायको साथ सहयोग रहने बताउनुभयो ।

उक्त शुभारम्भ कार्यक्रममा जानकी मन्दिरका महन्थका उत्तराधिकारी रामरोशन दास, जनकपुरधाम उद्योग वाणिज्य सङ्घका अध्यक्ष जितेन्द्र महासेठ, वरिष्ठ उपाध्यक्ष मनीषरमण साह, उपाध्यक्ष अम्भुप्रसाद साहसहितका वक्ताहरूले जनकपुरधाममा पर्यटन प्रवर्धनका लागि भिजिट जनकपुर धाम २०२४ को शुभारम्भ गर्नु फलदायी हुने कुरामा जोड दिनुभएको थियो । उक्त भ्रमण वर्षलाई सफल बनाउन न्यू भिजन नेपाल, नेपाल एसोसिएसन अफ टुर एण्ड ट्राभल्स एजेन्ट, सेभ हिस्टोरिकल, विश्व हिन्दु परिषद् नेपालको पनि महत्वपूर्ण भूमिका रहने जनाइएको छ ।

## भाग्य चक्र

(ज्यो. हरिकृष्ण उपाध्याय)

**मेष** - प्रतिकूल समय छ, त्यसैले विश्वास गरेका व्यक्तिबाट नै विश्वासघात हुने सम्भावना छ। अशान्ति र अराजकताका समाचार सुन्नु पर्ने हुनसक्छ। दाम्पत्य सम्बन्धमा पनि तालमेल बिग्रन सक्छ।

**वृष-** मानप्रतिष्ठा र सामाजिक मर्यादामा अभिवृद्धि हुनेछ। व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ । उपहारआदी प्राप्त हुनेछ ।

**मिथुन-** आर्थिक क्षेत्र सबल रहने छ भने स्वास्थ्य पनि सकारात्मक रहने छ। कार्य सफल हुँदै जानेछ। प्रेमिका संग रमाइलो यात्रा हुन सक्छ।

**कर्कट** - अध्ययन, अध्यापन र लेखनकार्यमा उच्च सफलता प्राप्त हुने छ। व्यावहारिक र प्राविधिक काममा विशेष सफलता प्राप्त हुने छ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

**सिंह** -खराब समय छ। स्वास्थ्यमा अचानक गडबडी आउने सम्भावना देखिन्छ। सानोतिनो चोटपटक नै पनि लाग्न सक्छ, सचेत एवं सावधान रहनु होला।

**कन्या** - समय राम्रो छ। अन्न फलफूल आदि कृषिजन्य व्यवसायबाट राम्रो आर्थिक उपार्जन हुने योग छ। नोकरी बाट सन्तोष लिन सकिनेछ।

**तुला** -लामो समयपछि रस रङ्गको चाहना पूर्ण हुने योग आएको छ। दाम्पत्य सम्बन्धमा सुमधुरताको प्राप्ति हुनेछ। बालबच्चाबाट पनि सुख सन्तोष प्राप्त हुनेछ।

**वृश्चिक** -सामाजिक कामको दायित्व थपिने छ। वित्तीय क्षेत्र र व्यापारिक लगानीका लागि नयाँ काम गर्न उचित समयको योग छ। भाइबहिनी र छोराछोरीले मनग्ये सहयोग गर्नेछन्।

**धनु** - सामाजिक कामबाट प्रशंसा प्राप्त हुनेछ। धार्मिक, सामाजिक र सांस्कृतिक सभासमारोहमा सरिक हुने सम्भावना छ। बौद्धिक क्रियाकलाप, दर्शन र चिन्तनप्रति झुकाव बढ्ने छ।

**मकर** -समय अनुकुल छ। व्यापार व्यवसायमा उन्नतीको योग छ। शैक्षिक गतिविधिमा रुचि बढ्नेछ। यात्रा हुने योग छ। अचल सम्पती जोर्न सकिन्छ ।

**कुम्भ**-अपूरा कार्य पूर्ण हुनेछन्। धार्मिक तथा आध्यात्मिक क्षेत्रतर्फको काममा सहभागी बन्नु पर्नेछ सानोतिनो लाभदायक यात्राको सम्भावनालाई नकार्न सकिँदैन।

**मीन** - व्यवहारिक र घरायसी काममा समय र धन खर्च हुनेछ। लामो यात्राको योग छ। पती-पत्नी बीचको सम्बन्ध अझ प्रगाढ हुनेछ। आम्दानीका मार्गहरु खुल्ला रहनेछन्।

## ☎☎ आवश्यक टेलिफोन नम्बरहरू ☎☎

### जनकपुर

| | |
|---|---|
| धनुषा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | ५२५८०० |
| जनपा वारुण यन्त्र | ५२००११ |
| एम्बुलेन्स (सरोज फाउण्डेशन) | ५२२८०६ |
| एम्बुलेन्स (मारवाडी सेवा समिति) | –५२२७६२, ५२१७८४ |
| एम्बुलेन्स (जानकी मेडिकल कलेज) | –५२६०९०, ५२६०९१ |
| महाविर युवा कमिटी ऐंबुलेंस् | २५९८० |
| कृष्णा नर्सिग होम | ५२१९१८ |
| जनकपुर मेडिकल सेन्टर | ५२०७१४ |
| जिया अल्ट्रासाउण्ड इमरजेन्सी सेन्टर | ५२३३२८ |
| जनकपुर रेल्वे | ५२०२११ |
| आँखा अस्पताल | ५२०३९७ |
| जनकपुर सुरक्षा गुल्म | ५२०१८६/५२६५८६ |
| प्रहरी | ५२००९९ |
| एम्बुलेन्स रेडक्रस | १०२ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| बछ्रार प्रसुति सेवा केन्द्र | ५२२४५७ |
| विद्युत फ्युज शाखा | ५२०१५१ |
| बुद्ध एयर | ५२५०२२ |
| गोर्खा एयर | ५२१२९४ |
| सीता एयर | ५२५९९० |
| जानकी केबल टिभी नेटवर्क | ५२३७२८ |

### वर्दिवास

| | |
|---|---|
| बर्दिवास अस्पताल | ५५००९० |
| ट्राफीक प्रहरी | ५५००५५ |
| छिन्नमस्ता सशस्त्र प्रहरी गण | ५५०४०४ |
| जिल्ला खानेपानि (गौरी डाडाँ ) | ५५०००५ |
| ढल्केवर (नो लाईट) | ०४१-५६००६८ |
| सुरक्षा क्याम (रेडियो नेपाल) | ५५००२३ |
| बर्दिवास गा.वि.स. | ५५००३१ |
| खानेपानि कार्यालय | ५५०११० |
| प्रहरी | ५२०१९९ |
| प्रहरी | ५२००९९ |
| बर्दिवास दुरसञ्चार | ५५०००० |
| पारिजात स्मृति अस्पताल | ५५०३७२ |
| नेपाल परिवार नियोजन संघ | ५५०१०७ |
| इलाका प्रहरी कार्यलय वर्दिवास | ५५०००६ |
| खानेपानी बर्दिवास | ५५०१४३ |
| रेडक्रस एम्बुलेन्स | ५२०१०० |
| मेरी स्टोप्स सेन्टर | ५५०१२६ |
| शूभ स्वस्तिक हस्पिटल | ५५०२५५ |
| जनसेवा हस्पिटल | ५५०४०६ |
| बर्दिवास आँखा अस्पताल | ५५०४७७ |
| एकिकृत सेवा केन्द्र बर्दिवास | ५५०६६८ |
| IRDS समाज सहकारी अस्पताल | ५५०४०१ |

### ढल्केवर

| | |
|---|---|
| खानेपानी | ९८२४८०५९५० |
| इलाका प्रहरी कार्यालय | ०४१-५६०१०० |
| प्रहरी | ५२००९९ |
| विद्युत फ्युज शाखा | ०४१-५६०१६८ |
| एम्बुलेन्स | ९८०४८६७५५४ |
| एम्बुलेन्स | ९८१५८३२०३२ |
| ओम शान्ति पोलिक्लिनिक | ०४१-५६०१५२ |

### जलेश्वर

| | |
|---|---|
| अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| अस्थायी प्रहरी चौकी भीठामोड | ५२०२०९ |
| एम्वुलेन्स | ५२०१०० |
| विद्युत् | ५२००६६ |
| विद्युत् | ५२०११६ |

### महेन्द्रनगर

एम्बुलेन्स
(सोसल वेलफेयर & रिसर्च सेन्टर) ४१-५४०२३२
महेन्द्रनगर,धनुषा ९८४४०२४४५०/
९८०४८२५८६०

एम्बुलेन्स
(हिमालय युवा क्लव नक्टाझिज) ०४१-६२०४९१
९८०४८१५१२६

इलाका प्रहरी कार्यालय महेन्द्रनगर ५४०१९९
विद्युत प्राधिकरण महेन्द्रनगर ५४०१६१

# अढाई वर्षदेखि मधेश सरकारको गोदाममा कबाड बनिरहेको पाँचहजार साइकलको जिम्मेबार को ?

**खबर दर्पण समाचारदाता**
**पुस १९ गते, महेन्द्रनगर**

अख्तियार दुरुपयोग अनुसन्धान आयोगले बुधबार जनकपुर धाममा राखेको अन्तरक्रिया कार्यक्रममा मधेश भवनको गोदाममा कबाड बनिरहेको पाँच हजार थान साइकलको विषयमा प्रश्न उठ्यो । ‘अख्तियारले समयमा मुद्दा निष्कर्ष नलागउँदा र सरकारले वितरण नगर्दा साईकल कवाड बन्दै छ, यसको जिम्मेबार को प्रदेश सरकार की अख्तियार ?,’ एक सहभागिको जिज्ञासा थियो। मुख्यमन्त्री यादवले जवाफ नदिँदै साइकल ठेकेदारको पीडा दर्शाए र उल्टै प्रश्न गरे ‘साईकल पाँचहजारको हाराहारीमा प्रदेश सरकारको गोदाममा छ । ठेकेदारले पनि भुक्तानी पाएका छैन । त्यसको दोषी को ?’ उनले साईकल दिने ठेकेदार दोषी नरहेको भन्दै अख्तियार का प्रमुख आयुक्त प्रेम राईलाई समस्याको गाँठो फूकाइदिन विनम्रतापूर्वक आग्रह गरे । ‘मलाई त लाग्दैन की ठेकेदार दोषी छ । किन भने टेन्डर भएपछि मूल्यांकण गरेर पत्र पठाएपछि उसले साइकल ल्याइदिएको हो । अहिले ती ठेकेदार निकै पीडित छ। उनले भन्दै थियो मेरो घर लिलाम हुन्छ। आत्महत्या गर्ने स्थितिमा पुगिसकेका छौ भनेर’ मुख्यमन्त्री यादवले अख्तियार प्रमुख राईसित आग्रह गर्दे भने ‘त्यसकारण यो साइकलको समस्या कसरी समाधान हुन्छ। आयुक्तजीसंग मेरो बिनम्र अनुरोध छ।’

यता प्रमुख आयुक्त राई साइकलको मुद्दा अदालतमा बिचाराधीन नरहेकाले केही बोल्न नमिल्ने बताए ।

‘साईकलको विषयमा हामीले मुद्दाको किनारा लगायौं । तर साइकल रहिरहेको छ । त्यो विषयमा के गर्ने ?,’ उनले अगाडी थपे ‘यो न्यायलयमा चलिरहेको विषय हो। विचाराधीन विषयमा हामीले केही बोल्न मिल्दैन । लस कसले ब्यहोर्छ ? थन्कि रहेको साइकलको विषयमा म अदालतमा यो कुरा गर्छु, राख्छु ।

‘मुख्यमन्त्री बेटी पढाउ, बेटी बचाउ’ कार्यक्रम अन्तर्गत कक्षा–८ का छात्राहरुलाई लालबाबु राउत नेतृत्वको सरकारले वितरण गर्ने गरेको थियो। त्यसै क्रममा तेश्रो चरणमा असार २०७८ मा काठमाडौंको पुतली सडकस्थित स्यान्यो इन्टरनेशनल प्रा.लि.मार्फत मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयले १० हजार साइकल खरिद भयो। ८ करोड ४४ लाख १० हजार रुपैयाँमा खरिद गरिएको साइकलमध्ये आधा वितरण गरियो। बाँकी रहेका आधा साईकल अढाई वर्षदेखि मधेश भवनको गोदाममै थन्किएर कबाड बन्दै छ ।

आपूर्तिकर्ता कम्पनीको पाँच करोड ६८ लाख रुपैँया भुक्तानी पनि बाँकी रहेको छ। भुक्तानीका लागि ठेकेदार कम्पनीका प्रतिनिधि मुख्यमन्त्री कार्यालयमा धपेडी लगाउने गरेका छन् । तर मुख्यमन्त्री यादव, प्रमुखसचिव लगायतको कार्मचारीलाई गुहार लगाएर सडकमा आएर मर्ने अवस्थामा पुगेपनि भुक्तानी नगरेको आपूर्ति कम्पनिका शेयरधनी कुन्दन सिंहको गुनासो छ ।



‘मुख्यमन्त्रीले पोजिटिभ हुनुहुन्छ । उहाँले भुक्तानी दिनु पर्छ है भनेर भन्नुहुन्छ । तर सचिवहरु फेरिए । कर्मचारीहरु विभिन्न बहानाबाजी गर्छन् । मेरो सामानको क्वालिटीको छ की छैन त्यो प्रमुख कुरा हो नि ! भुक्तानी नभएर बैंकको ताकेता, सम्पति लिलाम हुने र मर्ने अवस्थामा पुगेका छौं,’ सिंहले. भने। उनका अनुसार अख्तियार ले आपुर्तिकर्ता कम्पनीले केही गर्नु नपर्ने अख्तियारले निर्णय नै गरेको छ ।

आ.व २०७६/७७ मा मधेश सरकारले दोश्रो चरणमा खरिद गरेको १७ हजार साइकल खरिद गर्दा ११ करोड रुपैयाँ अनियमितता भएको ठहर गर्दै अख्तियार दुरुपयोग अनुसन्धान आयोगले १७ साउन २०७८ मा ६ जना विरुद्ध विशेष अदालतमा मुद्दा दायर गरेको थियो । त्यसै बेला २०७७/०७८ मा पनि भएको १० हजार साइकल खरिदमा पनि बोलपत्र मूल्यांकनमा त्रुटि देखिएपछि बोलपत्र मूल्यांकन समितिमा रहेका मन्त्रिपरिषद् कार्यालयका तत्कालीन उपसचिव दिलीपकुमार प्रधान, अधिकृत सुरेन्द्र कुमार कर्ण, सहलेखापाल राजाराम मण्डल र इन्जिनियर भगवान झाविरुद्ध पनि मुद्दा दायर गरेको थियो ।

मुद्दा परेपछि करिब पाँच हजार साइकल वितरण अन्योलमा पर्नुका साथै भुक्तानी प्रकृया पनि रोकियो । बदनामीबाट बच्न तत्कालिन मुख्यमन्त्री राउत १८ चैत २०७८ मा ‘बेटबीपढाउ बेटी बचाउ अभियान तत्कालिन सामाजिक विकास मन्त्रालयमा समायोजन गर्ने मन्त्री परिषदबाट निर्णय गरे। समायोजन पनि गरे। तर हाल शिक्षा तथा संस्कृति मन्त्रालय अन्तर्गत रहेको शिक्षा विकास निर्देशनालयले खरिद गरेको साइकलको दायित्व लिएको छ।

त्यस बेलादेखि खरिद गरेको साइकल अलपत्र छ। भुक्तानीका लागि आपूर्तिकर्ता कम्पनी दौडधुप गरेपनि कसैले फाइल छुन मानेको छैन ।

कार्यालयका एक कर्मचारीका अनुसार आपुर्ति कम्पनीका प्रतिनिधि भुक्तानीका लागि धाएकै छन् । तर कर्मचारीले अख्तियारमा मुद्दा परेको यो फाइल छुन मानेको छैन ।

प्रमुख सचिव दिनेश घिमिरे यो विषयमा केही पनि बोल्न मानेनन्। ‘यो विषयमा म केही पनि बोल्दिन। आपुर्तिकर्ताबाटै बुझ्नुस्’ उनले भने।

३० चैत २०७९ मा मुख्यमन्त्री कार्यालयले यसको जिम्मेबारी नलिने गरी निर्णय नै गरेको थियो । ‘चैत ३० गते कानुन विपरीत मुख्यमन्त्री कार्यालयको नाममा जम्मा रहेको, वितरण भएको छ भने, तिनको सुरक्षा, उपयोग र भुक्तानीका लागि जिम्मेवार नरहेको निर्णय गरेको थियो ।


## महिला हिंसा रोकौं:असल समाज निर्माण गरौं

- महिलालाई कुनै पनि प्रकारका मानसिक र शारिरिक पीडा हुने घटना महिला हिंसाका घटना हुन्।
- महिला माथि हुने बलात्कार, घरेलु हिंसा, यौन उत्पीडन, एसिड आक्रमण, महिला शिशु हत्या, भ्रूण हत्या, प्रसूति हिंसा, दाइजोका कारण गरिने हिंसा, बोक्सीको आरोप, जबर्जस्ती विवाह, बालविवाह, बहुविवाह, कुटपीट, मानसिक यातना, धम्क्याउने, जिस्काउनेजस्ता कार्य महिला हिंसा हुन्।
- यस्ता घटनाहरु नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी र अपरिचित व्यक्तिबाट प्रत्यक्ष वा सामाजिक सञ्जाललगायतका माध्यमबाट समेत हुन सक्दछ।
- यस्ता घटना भएमा तत्काल प्रहरीमा खबर गरौं, त्यस्ता व्यक्तिलाई कानूनी दायरामा ल्याऔं।

महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं।

**लक्ष्मीनिया गाउँपालिका धनुषा**

## सुशासन किन ?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।

**पीपरा गाउँपालिका महोत्तरी**



## महिला हिंसा रोकौं:असल समाज निर्माण गरौं

- महिलालाई कुनै पनि प्रकारका मानसिक र शारिरिक पीडा हुने घटना महिला हिंसाका घटना हुन्।
- महिला माथि हुने बलात्कार, घरेलु हिंसा, यौन उत्पीडन, एसिड आक्रमण, महिला शिशु हत्या, भ्रूण हत्या, प्रसूति हिंसा, दाइजोका कारण गरिने हिंसा, बोक्सीको आरोप, जबर्जस्ती विवाह, बालविवाह, बहुविवाह, कुटपीट, मानसिक यातना, धम्क्याउने, जिस्काउनेजस्ता कार्य महिला हिंसा हुन्।
- यस्ता घटनाहरु नजिकका आफन्त तथा नातेदार, छिमेकी, साथीभाई, सहकर्मी र अपरिचित व्यक्तिबाट प्रत्यक्ष वा सामाजिक सञ्जाललगायतका माध्यमबाट समेत हुन सक्दछ।
- यस्ता घटना भएमा तत्काल प्रहरीमा खबर गरौं, त्यस्ता व्यक्तिलाई कानूनी दायरामा ल्याऔं।

महिला हिंसा विरुद्धको १६ दिने अभियान सफल पारौं।



**सोनमा गाउँपालिका महोत्तरी**



## सुशासन किन ?

- कानूनी राज्य र विधिको शासन स्थापना गर्न,
- पारदर्शिता र जवाफदेहिताको प्रवर्द्धन गर्न,
- भ्रष्टाचार र अनुशासनहीनताको रोकथाम र नियन्त्रण गर्न,
- मानव अधिकारको प्रत्याभूति गर्न,
- सार्वजनिक सेवामा नागरिक अधिकार कायम गर्न,
- जनसहभागिता प्रवर्द्धन गर्न,
- जनमुखी र सक्षम प्रशासनयन्त्र स्थापना गर्न,
- सेवा प्रवाहलाई सरल, सहज र प्रभावकारी बनाउन।



**सम्सी गाउँपालिका महोत्तरी**

# मधेस प्रदेशलाई भ्रष्टाचारमुक्त बनाउँछौं : मुख्यमन्त्री यादव



**खबर दर्पण समाचारदाता**
**पुस १९ गते, महेन्द्रनगर**

मधेश प्रदेशका मुख्यमन्त्री सरोजकुमार यादवले प्रदेशलाई भ्रष्टाचारमुक्त बनाइने बताउनुभएको छ ।

अख्तियार दुरुपयोग अनुसन्धान आयोगद्वारा जनकपुरधाममा आयोजित भ्रष्टाचार नियन्त्रण तथा सुशासन प्रवर्द्धनसम्बन्धी प्रदेशस्तरीय अन्तर्क्रिया कार्यक्रममा प्रदेशलाई भ्रष्टाचार मुक्त बनाउन अभियान थालिने बताउनुभयो ।

मुख्यमन्त्री यादवले अनियमितताको अनुसन्धान गर्ने क्रममा प्रदेश सरकारको सय प्रतिशत सहयोग रहने उल्लेख गर्नुभयो । उहाँले अनियमितताको घटनामा छानबिन गरेर कारबाही गर्ने बताउनुभयो । आगामी आर्थिक वर्षमा स-साना योजना र उपभोक्ता समितिमार्फत योजना सञ्चालन नगरिने सो अवसरमा मुख्यमन्त्री यादवले जानकारी दिनुभयो ।

आयोगका प्रमुख आयुक्त प्रेमकुमार राईले सामूहिकरुपमै सुशासन कायम हुनसक्ने उल्लेख गर्दै सुशासनको पहिलो बिगुल सङ्घ, प्रदेश र स्थानीय सरकारले फुक्नुपर्ने आवश्यकता औँल्याउनुभयो ।

उपभोक्ता समितिमा ठुलो विकृति आएको चर्चा गर्दै उहाँले उपभोक्ता समिति बिचौलियाका रूपमा देखिएको धारणा राख्नुभयो । “घर बनाउने, ढलान गर्ने, पुल बनाउनेजस्ता काम कुन क्षमताका अनुसार उपभोक्ता समितिलाई दिइएको हो । यसबारे सोचिनु पर्दछ”, प्रमुख आयुक्त राईले भन्नुभयो । नीतिगत निर्णय सम्पूर्ण समुदायलाई समेट्ने खालको हुनुपर्ने र यसलाई परिभाषित गर्न सङ्घीय सरकार लाई आग्रह गरेको स्पष्ट पार्नुभयो ।

कार्यक्रममा मधेस प्रदेशका प्रमुख सचिव दिनेशकुमार घिमिरे, अख्तियारका बर्दिबास प्रमुख रामबहादुर कुरुम्वाङ र अख्तियारका सहसचिव लक्ष्मीप्रसाद उपाध्यायले भ्रष्टाचार नियन्त्रण तथा सुशासनबारे आफ्नो कार्यपत्र प्रस्तुत गर्नुभएको थियो । कार्यक्रममा प्रदेशका मन्त्रीहरू, स्थानीय निकायका प्रमुख, उपप्रमुख, कर्मचारीलगायतको उपस्थिति रहेको थियो । रासस

# मटिहानीबाट १४ लाख नगदसहित दुई जना पक्राउ



**खबर दर्पण समाचारदाता**
**पुस १९ गते, महोत्तरी**

सशस्त्र प्रहरीले नेपाल भारत सीमा नाका मटिहानीबाट स्रोत नखुलेको रुपियाँसहित दुई जना भारतीय नागरिकलाई पक्राउ गरेको छ ।

जनकपुर उपमहानगरपालिका १९ का २३ वर्षीय राजु यादव र भारत सीतामढी जिल्ला पश्चिम चरौतका ४८ वर्षीय अवधेश मण्डललाई पक्राउ गरेको हो । स्रोत नखुलेको १४ लाख नेपाली रुपियाँ बरामद भएको हो । सीमापारिको भारतीय बजार मधवापुरबाट नेपालतर्फ आउँदै गरेका भारतीय नागरिक मण्डललाई खानतलासी गर्दा एक हजार दरका दुई सय र पाँच सय दरका चार सय वटा नोटहरू गरी चार लाख नेपाली रुपियाँ बरामद भएको थियो । पुनः राजु यादवबाट एक हजार दरका सात सय वटा र पाँच सय दरका छ सय वटा नेपाली रुपियाँको नोट गरी १० लाख रुपियाँ फेला परेको सशस्त्र प्रहरी निरीक्षक भोलाकुमार श्रेष्ठले बताउनुभयो ।

दुवै जनालाई थप अनुसन्धान गरी कारबाही अघि बढाइएको प्रहरीले जनाएको छ ।

**सार्वजनिक स्थलमा धुम्रपान नगरौं । सभ्य नागरीकको परिचय दिऔं ।**


## जाडोको समयमा चिसोबाट बचौं

- जाडोबाट बच्न तातो, पोषिलो तथा झोलिलो खानेकुरा खाऔं,
- न्यानो कपडा लगाऔं,
- घर तथा कोठा न्यानो बनाऔं,
- कोठामा हिटर तथा आगो बाल्दा हावा ओहोरदोहोर हुने सुनिश्चित गरौं,
- बालबालिकालाई तेल मालिस गरिदिऔं,
- बढी चिसोमा मर्निङ वाक नगरौं,
- चिसोमा बाहिर हिंड्दा बाक्लो कपडा लगाऔं,
- दैनिक घाम ताप्ने गरौं।


**बर्दिवास नगरपालिका, महोत्तरी**




# ए.एस.डी. अफसेट प्रेस

**क्षीरेश्वरनाथ नगरपालिका-५ महेन्द्रनगर (हनुमान मन्दिर देखि पूर्व को कुचाई जाने बाटो), धनुषा**

✓पत्रिका
✓क्यालेण्डर
✓रजिष्टर, डायरी
✓किताब
✓परीक्षा कपी
✓पर्चा पम्पलेट
✓बिल, भाउचर,



✓स्क्रिन प्रिन्ट
✓विवाह कार्ड
✓प्रमाण पत्र
✓भिजिटिङ्ग कार्ड
✓झोला प्रिन्ट
✓रबर स्टाम्प



✓फ्लेक्स प्रिन्ट
✓ब्यानर प्रिन्ट
✓होर्डिङ्ग बोर्ड
✓स्टिकर
फाइल



साथै होम डेलिभरीको सुविधा छ ।

संचालक : अजय साह , सम्पर्क नम्बर: ९८४४०२५१८४, ९८०७६७५१२५, ९८१९८१८१८९


खबर दर्पण राष्ट्रिय दैनिक प्रकाशनका लागि प्रकाशक/सम्पादक : अजय कुमार साह, (९८४४०२५१८४) कार्यकारी सम्पादक : विशाल बस्नेत (९८६३६३२९८९)
उप-सम्पादक : धर्वेन्द्र कुमार यादव'यदुवंशी' (९८५४०२९०५३) E -mail : khabardarpan.news@gmail.com / ajay.shahjnk@gmail.com
मुद्रक : एएसडी अफसेट प्रेस क्षीनपा-५ महेन्द्रनगर धनुषा, प्रधान कार्यालय : बर्दिबास -३, महोत्तरी र शाखा कार्यालय क्षीनपा - ५ महेन्द्रनगर , धनुषा